प्रदेश सभाको बैठकमा २०७५ साल जेठ २ गते बुधबारको दिन

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री झपट बहादुर वोहराले**

**प्रस्तुत गर्नुभएको**

# आ.व. २०७५/७६ को विनियोजन विधेयकको

# सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति (कर प्रस्ताव बाहेक)

प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

प्रदेश नं. ७

धनगढी, कैलाली

**माननीय सभामुख महोदय,**

१. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था संस्थागत भएसँगै आज म प्रदेश नं. ७ को आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले प्रदेश सरकारको आगामी आर्थिक बर्ष २०७५/७६ को विनियोजन विधेयकको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू (कर प्रस्ताव बाहेक) यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा आज मलाई गौरवको अनुभूति भएको छ ।

२. प्रदेश नं. ७ को प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ तथा प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम २ को कानुनी व्यवस्था अनुरूप विनियोजन विधेयक, २०७५ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू यस सम्मानित प्रदेश सभामा छलफलका लागि पेश गर्ने अनुमति चाहन्छु ।

३. मुलुकमा संघीयताको कार्यान्वयन पूर्ण रूपमा भएसँगै राजनीतिक स्थिरता, दिगो विकास, आर्थिक समृद्धि, समावेशीता र आर्थिक समानताको युग प्रारम्भ भएको छ । साथै, सबै प्रकारको विभेदको अन्त्य गर्न हामी सबैले यथेष्ट प्रयत्न गर्नु पर्नेछ । युगान्तकारी राजनैतिक परिवर्तनको परिणाम आर्थिक समृद्धि र जनताको जीवनयापनमा देखा पर्नु पर्दछ भन्ने मेरो धारणा रहेको छ ।

४. आगामी आर्थिक वर्ष २०७५/७६ मा प्रदेश सरकारले प्रदेशका जनताका विकासका आकांक्षाहरु पूरा हुने गरी कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकारद्वारा विभिन्न समयमा जारी भएका निर्देशन, राज्यले निर्दिष्ट गरेका सिद्धान्त, दिगो विकास र गरिबी निवारणका लक्ष्यहरु समेत हासिल गर्ने गरी बजेट तथा कार्यक्रम तय गर्नु पर्ने अवस्था रहेको छ ।

५. प्रदेश सरकारलाई श्रोतको रूपमा संघीय सरकारबाट राजस्व बाँडफाँड र समानीकरण अनुदानको सीमा प्राप्त भइसकेको छ । अन्य अनुदान शीर्षकको यकिन सीमा प्राप्त भै नसकेको भए तापनि संघीय सरकारको बजेट जारी भए पश्चात् प्राप्त हुने अन्य अनुदान सीमाहरू समेत प्रदेशको बजेटको श्रोतको रूपमा रहनेछन् । यस्तै, प्रदेश सरकारको क्षेत्राधिकार भित्र रहेका कर तथा गैरकर राजश्व २०७५ श्रावण १ गतेदेखि प्रदेश आफैले संकलन गरी प्रदेश सरकारको आयको रूपमा रहने हुँदा आगामी आर्थिक वर्षदेखि त्यस्ता वित्तीय श्रोतहरूलाई समेत समावेश गरिनेछ ।

६. प्रदेश सरकारको राजस्वको आधार तय गर्नुका साथै संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता समेत वृद्धि गरी उपलब्ध श्रोतहरूबाट जनताको विकासप्रतिको तिव्र माग र प्रदेशको सिमित स्रोत साधनको उपलब्धताबीचको खाडल पूर्ति गर्न यथेष्ट परिश्रम गर्नुपर्ने देखिन्छ ।

७. प्रदेश क्षेत्रमा भएका जल, जंगल, जमिन, जडिबुटी जस्ता प्राकृतिक श्रोतहरू र प्रचुर सम्भावनायुक्त धार्मिक, साँस्कृतिक तथा पर्यटकीय स्थलहरूको समुचित विकास तथा उपयोगबाट समृद्धि हासिल गर्न सकिने अवसर हाम्रो सामु रहेको छ ।

८. संविधानद्वारा प्रदत्त मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, चौधौं योजना तथा दिगो विकासको लक्ष्यहरूलाई मार्गदर्शनको रूपमा लिई आगामी आर्थिक वर्षको विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता तयार गरेको छु ।

**माननीय सभामुख महोदय,**

अब म आर्थिक वर्ष २०७५/७६ को बजेटका सिद्धान्तहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु,

९. संविधानमा उल्लेखित मौलिक हकको कार्यान्वयन प्रभावकारी रूपमा गर्ने दिशामा आगामी आर्थिक वर्षको बजेट केन्द्रित हुनेछ ।

१०. सबल र सक्षम अर्थतन्त्रको जग बसाल्नको लागि बजेट निर्माणमा संविधान प्रदत्त राज्यका निर्देशक सिद्धान्तहरूको पूर्ण रुपमा परिपालना गरिनेछ ।

११. अर्थतन्त्रको दिगो विकास गर्न सरकार, निजी क्षेत्र र सहकारी क्षेत्रको सहकार्यमा तीन खम्बे आर्थिक नीति अवलम्बन गरी खुला, स्वस्थ र प्रतिस्पर्धी बजार अर्थतन्त्रलाई आत्मसाथ गर्दै समाजवाद उन्मुख अर्थतन्त्रको आधार स्थापित गरिनेछ । निजी क्षेत्रलाई सामाजिक जिम्मेवारी सहितको आर्थिक वृद्धिको साझेदारको रूपमा अगाडि बढाइनेछ ।

१२. सुशासन प्रवर्द्धन गर्न कार्यसम्पादनलाई पारदर्शी, जवाफदेहि र उत्तरदायी बनाई सेवा र सुविधाहरूको गुणस्तर सुनिश्चित गरिनेछ । साथै, बजेट प्रणालीलाई सुदृढ बनाउँदै वित्तीय अनुशासन कायम गरिनेछ ।

१३. प्रदेशमा उपलब्ध प्राकृतिक श्रोत साधन तथा वितीय स्रोतलाई कुशलतापूर्ण रूपमा प्रदेशका जनताको हितमा अत्यधिक उपयोग गरी विकासको प्रतिफल वितरणमा समन्यायको सिद्धान्त अनुरूप विकास निर्माणका हरेक क्रियाकलापमा समानुपातिक र समावेशीताको सुनिश्चितता गरिनेछ ।

१४. प्रदेशमा सक्षम र सुदृढ कर प्रशासनको विकास मार्फत प्रगतिशिल कर प्रणालीको विकास गरी प्रदेशको आम्दानीको दायरा विस्तारित गरिनेछ ।

१५. आम प्रदेशवासीलाई आफ्नो ज्ञान, सीप, दक्षता र क्षमताको उपयोग गरी आर्थिक क्रियालापमा संलग्न हुने वातावरण बनाउनको लागि नीतिगत व्यवस्था गरिनेछ । साथै, प्रदेशमा उद्यमशिलता विकासको लागि लगानीमैत्री वातावरण तयार गरिनेछ ।

१६. नेपालको संविधान, नेपाल सरकारबाट स्वीकृत कार्यविस्तृतीकरण, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था, मापदण्ड र सूत्रहरूको आधारमा स्थानीय तहहरूमा श्रोत व्यवस्था गरिनेछ । संघीय सरकारबाट हस्तान्तरण भई आउने कार्यक्रम तथा आयोजनाहरूलाई बजेटमा समावेश गरी सञ्चालन गरिनेछ र स्थानीय तहहरूसँग लागत सहभागिताको आधारमा सहकार्य र समन्वय गरिनेछ ।

१७. न्यून श्रोत साधनबाट अधिकतम उपलब्धी हासिल गर्नुपर्ने अवस्थामा प्राथमिकताको आधारमा आयोजना छनौट गर्ने सिद्धान्त अवलम्बन गरिनेछ ।

१८. बजेटको तर्जुमा गर्दा नेपाल सरकारले जारी गर्ने वित्त नीति, नेपाल राष्ट्र बैंकले जारी गर्ने मौद्रिक नीति तथा स्थानीय तहले जारी गर्ने बजेटसँग तादम्यता कायम हुने गरी आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गरिनेछ ।

**माननीय सभामुख महोदय,**

अब म आर्थिक वर्ष २०७५/७६ को बजेटको उद्देश्यहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु,

१९. आर्थिक वर्ष २०७५/७६ को बजेटको पूर्ण कार्यान्वयन मार्फत जनताको विकास प्रतिको चाहना र प्रदेश सरकारको नीति बीच तादम्यता कायम गर्ने प्रमुख उद्देश्य लिई आगामी आर्थिक वर्षको बजेटको तयारी गरिनेछ ।

२०. संघीयता कार्यान्वयनका लागि आवश्यक कानून बनाउनु, पूर्वाधार विकास गर्नु, प्रदेशबासीको जीवनस्तरमा सुधार ल्याउनु, कृषिमा आधुनिकीकरण र व्यवसायीकरण गर्नु, भौतिक पूर्वाधार विकास गर्नु, पर्यटन क्षेत्रको विकास र विस्तार साथ रोजगारी सृजना गर्नु, गुणस्तरीय आधारभूत सेवामा जनताको पहुँच स्थापित गर्नु र यस प्रदेशलाई आर्थिक समृद्धिको बाटोतर्फ उन्मुख गराउनु आगामी आर्थिक वर्षको बजेटका उद्देश्य रहनेछन् ।

**माननीय सभामुख महोदय,**

अब म कर प्रस्ताव बाहेकको आर्थिक वर्ष २०७५/७६ को बजेटको प्राथमिकताहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु,

२१. इतिहासको विभिन्न कालखण्डमा जनताले गरेका बलिदानीपूर्ण जनआन्दोलन, सशस्त्र जनयुद्ध, लगायत अन्य सबै आन्दोलनहरूबाट स्थापित संघीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनका लागि आवश्यक कानुनी तथा संस्थागत संरचना निर्माण गर्न प्राथमिकताका साथ बजेट केन्द्रित हुनेछ ।

२२. प्रदेशको विकासको लागि अल्पकालिन, मध्यमकालिन तथा दीर्घकालिन आवधिक योजना, क्षेत्रगत एवं विषयगत नीतिहरू निर्माण गर्ने तर्फ बजेट उन्मुख हुनेछ ।

२३. संविधान प्रदत्त मौलिक हकको प्रभावकारी कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखिनेछ ।

२४. आगामी आर्थिक वर्षको बजेट निर्माण गर्दा चालु आर्थिक वर्ष २०७४/७५ को बजेटले निर्धारण गरेका प्राथमिकता, उल्लेख भएका सम्भाव्य आयोजना तथा कार्यक्रमहरूलाई निरन्तरता दिने गरी बजेट विनियोजन गरिनेछ ।

२५. समाजमा देखिएका विभेद्को अन्त्य गरी समतामूलक समाजको विकास हुने गरी बजेट विनियोजन गरिनेछ ।

२६. गरिबी र भोकमरीबाट आक्रान्त जनतालाई तत्काल राहत पुग्ने गरी गरिबी न्यूनीकरण लक्षित कार्यक्रमहरू समावेश गरिनेछ ।

२७. कृषि विकास नै हाम्रो प्रदेशको मूल विकासको एक प्रमुख आधारको रूपमा रहेको परिप्रेक्षमा प्रदेशको कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायिकरण तथा यान्त्रिकीकरण गरी कृषि, कृषिजन्य उपज तथा खाद्यान्नमा आत्मनिर्भर हुने नीति अवलम्बन गरी बैज्ञानिक व्यवस्थापन गरिनेछ ।

२८. यस प्रदेशको विकासको आधारस्तम्भको रूपमा देखिएको धार्मिक, सांस्कृतिक, पुरातात्विक तथा पर्यटकीय पुर्वाधारहरूको विकास तथा प्रबर्द्धन गर्ने तर्फ बजेट केन्द्रित रहनेछ ।

२९. उर्जा तथा जलश्रोतमा प्रचुर सम्भावना बोकेको यस प्रदेशलाई उर्जामा आत्मनिर्भर बनाउने दिशातर्फ उन्मुख हुने गरी पूर्वाधार विकास गर्ने नीति तय गरिनेछ । जलश्रोतको बहुआयामिक उपयोग नीति अवलम्बन गरी सम्भाव्यताका आधारमा विभिन्न कार्यक्रमहरू विस्तार गरिनेछ ।

३०. बैज्ञानिक कर प्रणाली मार्फत प्रदेशको राजस्व क्षमता अभिवृद्धि गर्ने गरी बजेट तय गरिनेछ ।

३१. सबै स्थानीय तहमा बैंक शाखाको स्थापना गरी वित्तीय पहुँच स्थापित गर्ने नीति अवलम्बन गरिनेछ ।

३२. प्रदेशमा निरक्षरता उन्मुलन गरी साक्षर प्रदेश निर्माण गर्न तय गरिएको कार्यक्रमहरूलाई प्रोत्साहन गर्दै गुणस्तरीय तथा व्यवसायिक शिक्षाको विकास गरिनेछ ।

३३. आधारभूत र आकस्मिक स्वास्थ्य सेवामा आम नागरिकको पहुँच स्थापित गर्दै सबै तहहरूमा आधुनिक स्वास्थ्य सेवाको विकास गर्ने नीति लिइनेछ ।

३४. आम प्रदेशवासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउनेतर्फ उच्च प्राथमिकताका साथ बजेटलाई केन्द्रित गरिनेछ ।

३५. निरपेक्ष गरिबीको रेखामुनी रहेका प्रदेशवासीहरूलाई गाँस, बास र कपासको उपलब्धता गर्न नीतिगत व्यवस्था गरिनेछ ।

३६. सबै स्थानीय तहहरूको सदरमुकामसम्म स्तरीय सडक सञ्जालको विस्तार गरी यातायात क्षेत्रलाई सुरक्षित बनाउने कार्यदिशा तय गरिनेछ । पर्यटकीय स्थलको पूर्वाधार र शहरी तथा ग्रामिण पूर्वाधार विकासलाई प्रमुख प्राथमिकतामा राखिनेछ ।

३७. आम जनतालाई स्वच्छ तथा सफा वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्न सबै किसिमका विकासका क्रियाकलापहरू वातावरण मैत्री हुने व्यवस्था गरिनेछ ।

३८. आर्थिक विकास तथा रोजगारीका निम्ति प्रमुख आधारको रूपमा रहेको औद्योगिक क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधार विकास गर्न बजेट केन्द्रित हुनेछ ।

३९. जल, जंगल, जडिबुटीको वैज्ञानिक र दिगो विकास गरिनेछ भने जमिनको बैज्ञानिक व्यवस्थापन गर्ने नीति लिइनेछ ।

४०. प्रदेशमा शान्ति सुरक्षा कायम गर्दै अपराधमुक्त समाजको विकास गर्ने नीति लिइनेछ ।

४१. सार्वजनिक सूचना प्रवाहलाई छिटो, छरितो र पारदर्शी बनाउन सूचना प्रविधि मैत्री प्रशासनको विकास गरिनेछ ।

४२. विकासका कार्यक्रमहरूमा युवा तथा महिलाहरूको सहभागीता सुनिश्चित हुने गरी कार्यक्रम तय गरिनेछ ।

४३. सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक समन्वय गरिनेछ । सीमान्तकृत वर्ग र समुदायको लागि आर्थिक सुरक्षाको व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ ।

४४. श्रम तथा रोजगारीका अवसरहरू सिर्जनाका लागि आवश्यक नीतिगत तयारी गरी असल श्रम सम्बन्ध स्थापित गर्ने कार्यदिशा तय गरिनेछ । बेरोजगारीको अन्त्य गर्न प्राविधिक सीपयुक्त जनशक्ति तयार गरी लघु उद्यमको माध्यमबाट स्वरोजगार वृद्धि गर्न बजेट विनियोजन गरिनेछ ।

**माननीय सभामुख महोदय,**

अब म आर्थिक वर्ष २०७५/७६ को बजेट विनियोजनको लागि अवलम्बन गरिने प्रमुख नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु,

४५. संघीय सरकार तथा स्थानीय तहसँग समन्वय र सहकार्यको नीति अवलम्बन गरिनेछ । प्रदेश सरकार तथा स्थानीय तहबीचको अनुदान तथा वित्तीय व्यवस्थापन गर्न आपसी छलफल र सहकार्यबाट सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।

४६. संविधान प्रदत्त मौलिक हकहरू र दिगो विकासका लक्ष्यहरू हासिल गर्ने गरी विकासका कार्यक्रमहरू छनौट गर्ने नीति अवलम्बन गरिनेछ ।

४७. प्रदेशको उच्च आर्थिक विकासको लागि प्राथमिकता अनुसारका आयोजनाहरूमा श्रोत केन्द्रित गरिनेछ ।

४८. प्रदेशका सबै जिल्लाहरूको सन्तुलित विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

४९. सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणका लागि सरोकारवालाहरूको सहभागितामा आधारित निरीक्षण तथा अनुगमन गर्ने पद्धति विकासको नीति लिइनेछ ।

५०. बञ्चितीकरणमा परेका वर्ग र क्षेत्रका जनताहरूलाई विकासको प्रतिफल वितरणमा प्राथमिकता दिने नीति अवलम्वन गरिनेछ ।

**माननीय सभामुख महोदय,**

५१. प्रदेशको तत्कालिन आवश्यकता, विकासको ढाँचा, साधनको उपलब्धताको आधारमा तय गरिएका माथिका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूको सेरोफेरोमा रही आगामी आर्थिक वर्षको बजेट तयार गरिने कुरामा माननीय सदस्यहरूलाई विश्वस्त तुल्याउन चाहन्छु । माननीय सदस्यज्यूहरूबाट आर्थिक वर्ष २०७५/७६ को विनियोजन विधेयकका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू (कर प्रस्ताव बाहेक) को प्रस्ताव माथि बृहत् छलफल गरी रचनात्मक सुझाव दिनु हुनेछ भन्ने कुरामा म विश्वस्त छु । ती सुझावहरू र निकट भविष्यमा जारी हुने प्रदेश सरकारको नीति तथा कार्यक्रम आगामी आर्थिक वर्ष २०७५/७६ को बजेट निर्माणको सन्दर्भमा मार्गदर्शनको रूपमा रहने व्यहोरा गरिमामय सभा समक्ष अनुरोध गर्दछु ।

**माननीय सभामुख महोदय,**

माननीय सभामुखको अनुमतिले आर्थिक वर्ष २०७५/७६ को विनियोजन विधेयकका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू (कर प्रस्ताव बाहेक) उपर छलफल गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु ।

धन्यवाद ।